# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २१

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## हुलाक ऐन, २०१९ लाई संशोधन गर्न बनेको ऐन

**प्रस्तावना** : **हुलाक ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,**

**श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

229

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "हुलाक (चौथो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. हुलाक ऐन, २०१९ को दफा २ मा संशोधन : हुलाक ऐन, २०१९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएकोछ:-

"(ख) "क्षेत्रीय निर्देशक" भन्नाले क्षेत्रीय हुलाक निर्देशनालयको क्षेत्रीय निर्देशक सम्झनु पर्छ र सो शब्दले क्षेत्रीय निर्देशकको अधिकार प्रयोग गर्ने अन्य पदाधिकारीलाई समेत जनाउँछ ।"

३. मूल ऐनमा दफा ३क. थप : मूल ऐनको दफा ३ पछि देहायको दफा ३क. थपिएकोछ :-

"३क. निजी क्षेत्रलाई हुलाक सेवा सञ्चालन गर्न इजाजतपत्र दिन सकिने :(१) यस ऐनको अन्य दफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले कुनै व्यक्ति वा संस्थालाई तोकिएको शर्तहरुको अधीनमा रही यस ऐन बमोजिम सञ्चालन हुने हुलाक सेवा सञ्चालन गर्नको निमित्त इजाजतपत्र दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्र प्राप्त व्यक्ति वा संस्थाले पालन गर्नु पर्ने शर्तहरु वा यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम बिपरीत कुनै काम गरे गराएमा त्यस्तो व्यक्ति वा संस्थाबाट भएको क्षतिको हर्जाना भराई कसूरको मात्रा हेरी पाँच बर्षसम्म कैद वा दुईहजार पाँचसय रुपैयाँसम्म जरीबाना वा दुबै सजाय हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

422

४. मूल ऐनको दफा ५घ. मा संशोधन : मूल ऐनको दफा ५घ. मा रहेका "स्थानीय प्रशासन तथा प्रहरीको" भन्ने शब्दहरुको सट्टा "स्थानीय प्रशासन, प्रहरी तथा स्थानीय नगरपालिका वा गाउँ विकास समितिको" भन्ने शब्दहरु राखिएका छन्।

५. मूल ऐनमा दफा १६क. थप : मूल ऐनको दफा १६ पछि देहायको दफा १६क. थपिएकोछ :-

"१६क. साधारण पत्रद्वारा पठाउन नहुने चिजहरु : कसैले पनि साधारण पत्रद्वारा नगद, चेक, ड्राफ्ट, हुण्डी वा त्यस्तै अन्य चिजवस्तु पठाउन हुँदैन। यसरी पठाउन नहुने चिजवस्तु कसैले साधारण पत्रबाट पठाउँदा त्यस्तो चिजवस्तु हानि नोक्सानी हुन गएमा हुलाक अड्डा त्यसको जवाफदेही हुने छैन।"

६. मूल ऐनको दफा १७ मा संशोधन : मूल ऐनको दफा १७ को उपदफा (२) को खण्ड (छ) पछि देहायको खण्ड (ज) थपिएकोछ :-

"(ज) आन्तरिक तथा वैदेशिक द्रुत डाँक सेवा सञ्चालन गर्ने।"

७. मूल ऐनको दफा १८ मा संशोधन : मूल ऐनको दफा १८ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) हुलाक हाकिम र स्थानीय भन्सार अधिकारीले रोक्का रहेको मालसामान प्रापकको रोहवरमा खोली भन्सार महसुल कायम गरिसकेपछि हुलाक अड्डाको विवरण खातामा समेत हस्ताक्षर गर्नु पर्नेछ।"

८. मूल ऐनको दफा २२ मा संशोधन : मूल ऐनको दफा २२ को,-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) उपदफा (१) मा रहेका "क्षेत्रीय निर्देशकबाट अधिकार पाएको हुलाक अड्डाको कर्मचारीलाई" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित हुलाक हाकिमलाई" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेका "त्यसरी अधिकार पाएको हुलाक अड्डाको कर्मचारीले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित हुलाक हाकिमले" भन्ने शब्दहरु राखिएका छन्।

(३) उपदफा (३) मा रहेका "श्री ५ को सरकारले" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृतले" भन्ने शब्दहरु र सोही उपदफाको प्रतिवन्धात्मक वाक्यांशको खण्ड (क) मा रहेका "श्री ५ को सरकारमा निवेदनपत्र दिन सक्नेछ र श्री ५ को सरकारले" भन्ने शब्दहरुको सट्टा "श्री ५ को सरकारबाट अधिकार प्राप्त अधिकृत समक्ष निवेदनपत्र दिन सक्नेछ र सो अधिकृतले" भन्ने शब्दहरु राखिएका छन्।

९. मूल ऐनको दफा ४७क. मा संशोधन : मूल ऐनको दफा ४७क. मा रहेका "एकहजार रुपैयाँ" भन्ने शब्दहरुको सट्टा "दुईहजार रुपैयाँ" भन्ने शब्दहरु राखिएका छन्।

१०. मूल ऐनको दफा ४९ मा संशोधन : मूल ऐनको दफा ४९ मा रहेका "लिखत तयार गर्ने वा राख्ने काम सुम्पिएको हुलाक अड्डाको कर्मचारीले जालसाजी गरी" भन्ने शब्दहरुको सट्टा "कसैले जालसाजी गरी" भन्ने शब्दहरु राखिएका छन्।

११. मूल ऐनको दफा ५५ मा संशोधन : मूल ऐनको दफा ५५ मा रहेका "निजलाई बढीमा ने.रु एकसयसम्म" भन्ने शब्दहरुको सट्टा "क्षतिग्रस्त पत्रमञ्जुषा मर्मत गर्न लगाई निजलाई पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२२४

१२. <u>मूल ऐनको दफा ५६ मा संशोधन</u> : मूल ऐनको दफा ५६ मा रहेका "निजलाई बढीमा ने.रु पाँचसयसम्म" भन्ने शब्दहरुको सट्टा "बेरुप पारिएको पत्रमञ्जुषा मर्मत गर्न लगाई निजलाई पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

१३. <u>मूल ऐनको दफा ६९ मा संशोधन</u> : मूल ऐनको दफा ६९ मा रहेका "ने.रु. पचाससम्म" भन्ने शब्दहरुको सट्टा "पाँचसय रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

१४. <u>मूल ऐनको दफा ७० मा संशोधन</u> : मूल ऐनको दफा ७० को उपदफा (२) मा रहेका "क्षेत्रीय निर्देशकलाई" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय निर्देशक वा अन्य कुनै अधिकृतलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१५. <u>खारेजी</u> : मूल ऐनको दफा ६८ख. खारेज गरिएकोछ ।

लालमोहर सदर मिति:- २०५०।६।२७।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



मुद्रण विभाग

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।